# कुलाधिपति Blank को कर्मचारीहरूलाई मार्च १३ को अपडेट

हाम्रा *UW-Madison* का संकाय तथा कर्मचारीहरूलाई,

हाम्रो प्रदेशले जनस्वास्थ्य आपतकालीन अवस्था भोगिरहेको छ जसले हामीहरू सबैमा उल्लेखनीय प्रभाव पारिरहेको छ भनेर तपाईंहरू मध्ये धेरैलाई जानकारी छ।

शुक्रवार साँझ, गभर्नर *Evers* ले आउँदो बुधवार, मार्च १८ सम्म विस्कन्सनमा सबै सार्वजनिक तथा निजी *K-12* विद्यालयहरू अनिवार्य रूपमा बन्द गर्ने आदेश जारी गर्नुभएको छ।

हामीलाई थाहा छ यो कार्य, अहिले जारी *COVID-19* को खतरासँग सम्बन्धित छ, जसले धेरै *UW-Madison* कर्मचारीहरूको जीवनमा धेरै ठूलो अवरोध सृजना हुनेछ।

क्याम्पसको नेतृत्वले क्याम्पस सञ्चालन, हाम्रो कार्यदल र व्यक्तिगत कर्मचारीहरूमा हुने प्रभावको मूल्याङ्कन गर्न जतिसक्दो चाँडो काम गरिरहेको छ। आगामी केही दिनहरूमा प्रबन्धकहरू र कर्मचारीहरूलाई थप जानकारी प्रदान गरिनेछ।

यस्तो परिस्थितिको वावजुद, म तपाईंहरू मध्ये भेटेका सबैबाट सुने अनुसार तपाईंहरूको लचीलोपन र लचकताको भावनाको गहिरो प्रसंशा गर्दछु। "मद्दत गर्नको लागि मैले के गर्न सक्छु?" भन्ने प्रश्न मैले सबैभन्दा बढी सुनेको छु।

तपाईंले अहिले लिन सक्नुहुने तीनवटा कदमहरू यहाँ छन् :

**जानकारीमा रहने :** हाम्रो क्याम्पसको वेबसाइट प्राय: सोधिने प्रश्नहरू (*FAQs*) सहित क्याम्पसको सेवा र सञ्चालनको हालको स्थिति देखाउने चार्ट सहित, लगातार अपडेट भइरहेको छ।

**वैकल्पिक शिक्षणको लागि तयार रहने :** यदि तपाईंको भूमिका निर्देशन हो भने, निर्देशनको वैकल्पिक शिक्षणमा जानको लागि योजना बनाउन जारी राख्नुहोस्। यदि तपाईंको काम अन्यत्र छ भने, तपाईंको आफ्नै युनिटमा निरन्तरता योजनामा संलग्न हुनुहोस्।

स्वास्थ्य र यात्रा सम्बन्धि सबै भन्दा राम्रा अभ्यासहरूलाई पालना गरेर **आफ्नो र परिवारको हेरविचार गर्नुहोस्।**

एकअर्कालाई आदर गरेर, सँगै काम गरेर, हामी यो चुनौतीको राम्रोसँग सामना गर्न सक्दछौं। यो अनिश्चित समय हो ... हामी यहाँ *UW* मा नक्शाङ्कन नगरिएको पानीमा छौं भनेर मैले महशुस गरेको छु। तर यदि हामीले हाम्रो प्रतिक्रियामा डरलाई जित्न दियौं भने, हामीले यी चुनौतीहरूको सामना राम्रोसँग गर्ने छैनौं।

हाम्रो विद्यार्थीहरू तथा विस्कन्सनको मानिसहरूको तर्फबाट हाम्रो उद्देश्यको समर्थनमा तपाईंहरू प्रत्येकले गर्नुभएको कामका लागि तपाईंहरू सबैलाई धन्यबाद।

— कुलाधिपति Rebecca Blank